१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : २०५ ॥ २०८२ भाद्र २१ गते शनिबार (6th Sep 2025 Saturday) | Pratidin National Daily | मूल्य-रु.५/-


## एमाले विधान महाधिवेशन

# विद्याको अपिलमाथि सुनुवाई भएन

झापा(प्रस) । सत्तारूढ दल नेकपा (एमाले) को दोस्रो विधान महाधिवेशन शुक्रबार ललितपुरको गोदावरीस्थित सनराइज हलमा शुरू भएको छ ।

पार्टीको विधान संशोधन, संगठनात्मक प्रतिवेदन र राजनीतिक दस्तावेजमाथि बहस गरेर निष्कर्ष निकाल्ने उद्देश्यसहित आयोजित महाधिवेशनको उद्घाटन सत्रमै अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले एउटा स्पष्ट सन्देश दिए- पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता विवाद विधान महाधिवेशनको एजेन्डा होइन ।

तर, महाधिवेशन स्थलमा दृश्य भने अलि फरक देखिएको थियो । महाधिवेशन प्रतिनिधिहरूको हातमा पूर्व राष्ट्रपति भण्डारीले लेखेको लामो अपिल पत्र बाँडिँदै थियो ।

बिहीवार उक्त अपिल लेख्दै पूर्व राष्ट्रपति भण्डारीले आफ्नो सदस्यता रोक्ने प्रयास केवल व्यक्तिगत अपमान नभई पार्टीको लोकतान्त्रिक संस्कारमाथिको चोट भएको उल्लेख गरेकी थिइन् ।

सदस्यताबारेको छलफलको 'च्याप्टर क्लोज' भएको अध्यक्ष ओलीको भनाइपछि पनि महाधिवेशन प्रतिनिधिहरू भण्डारीको अपिल पत्र पढिरहेको देखिन्थे ।

महाधिवेशन शुरू हुने दिन बिहानैदेखि सनराइज हल वरिपरि ठूलो चहलपहल थियो । उद्घाटनको तयारीसँगै केही कार्यकर्ताले विद्या भण्डारीको सन्देश भन्दै करिब चिट्ठी बाँड्ने अभियान चलाएका थिए ।

१३ सयभन्दा बढी शब्दको उक्त पत्रमा उनले आफ्नो सदस्यता २०३७ सालदेखि निरन्तर रहेको, राष्ट्रपति भएर जिम्मेवारी पूरा गरी फर्किएपछि पनि विधिवत् नवीकरण गरिएको, तर अहिले रोक्ने प्रयास हुनु दुर्भाग्यपूर्ण रहेको उल्लेख गरेकी छन् ।

उनले लेखेकी छन्- 'यो मेरो आत्मरक्षाको प्रयास होइन, बरु पार्टीलाई एकताबद्ध, सबल र दिगो बनाउन गरेको आग्रह हो ।'

भण्डारीले आफ्ना संघर्षको इतिहास, महिला अधिकार र मानव अधिकारका लागि दिएको



योगदान तथा पार्टीसँगको निष्ठाबारे विस्तारमा लेखेकी थिइन् । उनले अपिलमा पार्टीले एकल निर्णय गरेर सदस्यता निष्क्रिय बनाउने प्रयास जनवादी केन्द्रीयताको सिद्धान्तविपरीत भएको बताइन् ।

यसरी, उद्घाटनकै दिन पार्टी अध्यक्षले विवादलाई एजेन्डा नबनाउने भने पनि पूर्व राष्ट्रपतिले आफ्ना विचार सिधा कार्यकर्तासम्म पुऱ्याउन सफल भएको भण्डारीका पक्षमा लागेका एक प्रतिनिधिले भने ।

महाधिवेशन उद्घाटनमा ओलीले माओवादी केन्द्रप्रति व्यंग्य गर्दै 'जादु नम्बर'को राजनीति समाप्त भएको दाबी गरेका थिए । उनले भने, 'केही मान्छेलाई जादु आफ्नो हातमा छ भन्ने भ्रम परेको थियो । तर, त्यो अवस्था एमालेले बदलिसकेको छ । देशमा फैलिएको अस्थिरता नियन्त्रणमा आएको छ ।'

यो कटाक्ष उनले नाम नलिई माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'प्रति लक्षित गरेका थिए । विगतमा सरकार निर्माणमा निर्णायक देखिएको माओवादी अब निर्णायक शक्तिबाट बाहिरिएको ओलीले बताए ।

त्यसैगरी, उनले २०८४ सालको निर्वाचनमा एमाले एकल बहुमत ल्याउने दाबी गरे ।

'हामी सरकारमा छौं, आउँदो निर्वाचन निष्पक्ष हुनेछ । धाँधली कसैले गर्न पाउने छैन । यदि जनतामा सक्रिय भएर गयौं भने बहुमत ल्याउन कसैले रोक्न सक्दैन,' उनले भने ।

'मिसन ०८४' का नाममा एमालेले आफ्नो संगठनात्मक अभियानलाई चुनावलक्षित बनाएको छ ।

महाधिवेशनमा प्रस्तुत प्रतिवेदनले युवालाई सशक्त पार्ने, पुरानो पुस्ताको मार्गदर्शनलाई निरन्तरता दिने र सामूहिक नेतृत्वलाई बलियो बनाउने खाका प्रस्तुत गरेको ओलीले दाबी गरेका छन् ।

ओलीले आफ्नो चीन भ्रमणबारे विपक्षीले गलत हल्ला फैलाएको भन्दै व्यंग्य गरे ।

उनले भने, 'हरेकपटक म विदेशको कार्यक्रममा जाँदा राष्ट्रको इज्जत, प्रतिष्ठा र हितलाई तलमाथि पर्न दिँदिनँ । तर विरोधीलाई भतभत पोल्छ । अनि एक अम्खरा चिसोपानी खान्छन् ।'

उनले विपक्षी दलले आफ्नो भ्रमणका क्रममा केही व्यक्ति 'भिजिट भिसामा स्पेन पुगेर उतै बसेको' भन्दै कुप्रचार गरेको र आफ्नै 'बुहारी'लाई प्रयोग गरेर ध्यान डाइभर्ट गरेको आरोप लगाए ।

ओलीले चीनले अघि सारेको ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जीएसआई)मा समर्थन नगरेको भन्दै विपक्षीहरूले लगाएको आरोप पनि खण्डन गरेका थिए ।

उनले यसबारे स्पष्ट गर्दै भने- 'केलाई समर्थन गर्ने/नगर्ने भन्नेबारे सरकार र पार्टी सजग छ । समर्थन गऱ्यो भनेर हल्ला चलाइयो, तर हामीले कुनै समर्थन गरेका छैनौं ।'

महाधिवेशनको उद्घाटनमा ओलीले लिपुलेक

❖ बाँकी अन्तिम पृष्ठमा

# चोरीमा संलग्न भद्रपुरका दुईजना पक्राउ



झापा(प्रस) । चोरीमा संलग्न भद्रपुरका दुईजना पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा भद्रपुर नगरपालिका वडा नं. ६ बस्ने २४ वर्षीय सागर जैसवाल र सोही ठाउँ बस्ने २० वर्षीय दिनेश कामती रहेका छन् । उनीहरुलाई बिहीवार बेलुका ७ बजे भद्रपुर नगरपालिका वडा नं. ६ स्थित बाटोमा हिडडुल गरिरहेको अवस्थामा वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो । उनीहरुले भदौ १७ गते राति भद्रपुर नगरपालिका वडा नं. ४ फुटानी चोकमा रहेको महेन्द्र राजवंशीको किराना पसलको ढोका र गल्लाको ताल्चा फोडी गल्लामा राखेको नगद ५० हजार चोरी गरेका थिए । घटनाको अनुसन्धानको क्रममा राजवंशीको पसलमा जडान गरिएको सी.सी. क्यामेरा फुटेजको आधारबाट ती दुईजनाको पहिचान भएको थियो ।

दुवैलाई शुक्रवार जिल्ला अदालतमा उपस्थित गराई ५ दिनको म्याद थप गरी अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# शिवसताक्षीमा हतियार देखाई लाखौंको लुटपाट



झापा(प्रस) । झापाको शिवसताक्षीमा हतियार देखाई लाखौंको लुटपाट भएको छ ।

बिहीवार राति अन्दाजी ८:४० बजे शिवसताक्षी नगरपालिका वडा नम्बर ११ स्थित बच्चाबगर बस्ने ५३ वर्षीया कृष्णकुमारी राईको घरमा मोटरसाइकलमा आएका ३ जना अपरिचित व्यक्तिहरुको समूहले धारिलो हतियार खुकुरी र चक्कु देखाई कृष्णकुमारीले घाँटीमा लगाएको सुनको सिक्री २.५ तोला, हातको औंलाको सुनको औँठी आधा तोला गरी जम्मा तीन तोला सुन र घरभित्र पर्समा राखिएको नगद रु.१ लाख समेत गरि जम्मा सात लाख बराबरको धनमाल लुटेर फरार भएका हुन् ।

घटनाबारे राति ९:१० बजे इलाका प्रहरी कार्यालय झिलझिलेमा जानकारी प्राप्त हुनसाथ प्रहरी सहायक निरीक्षक नोरजङ लामाको कमाण्डमा ५ जनाको प्रहरी टोली खटिएर लुटेराहरुको खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।

# नगरपालिकाको कार्यालयमा ढुंगामुढा गर्ने चार पक्राउ

झापा(प्रस) । आगलागी हुँदा दमकल नपठाएको भन्दै दुहवी नगरपालिकाको कार्यालयमा ढुंगामुढा गर्ने चारजना पक्राउ परेका छन् । बिहीवार राति ८.३० बजे दुहबी नगरपालिका ६ राधाकृष्ण मन्दिर छेउमा बिद्युतको पोलमा अचानक आगलागी भएको थियो । त्यसबारे इलाका प्रहरी कार्यालय दुहबीमा जानकारी हुनसाथ सी.आर.भी दुहबीबाट प्रहरी टोली खटिएर प्रहरी र स्थानीयको सहयोगमा उक्त आगलागी राति ९ बजे पूर्णरुपमा नियन्त्रणमा



आएको थियो । दुहबी नगरपालिकाको दमकल बिग्रिएर मर्मतको लागि पठाएका कारण विराटनगर महानगरपालिकाको दमकल बोलाइएको थियो । दमकल ढिलो आएको विषयलाई लिएर अन्दाजी ४०-५० जनाको स्थानीय समूहले दुहबी नगरपालिकाको गेट अगाडि गई हो-हल्ला गरी ढुंगामुढा गरेका थिए । त्यस कार्यमा संलग्न ४ जनालाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय दुहबीमा राखिएको प्रहरीले जनाएको छ । त्यस स्थानमा प्रहरी निरीक्षक सागर तिमिल्सिनाको कमाण्डमा १० जनाको प्रहरी टोली खटिएको छ ।

## दश दिने झापा बसाइँपछि पूर्वराजा काठमाडौं फर्किए

झापा (प्रस) । दश दिने झापा बसाइँपछि पूर्वराजा ज्ञानेन्द्र शाह आज काठमाडौं फर्किएका छन् ।



शुक्रवार बिहान ११:२४बजेको बुद्ध एयरद्वारा पूर्वराजा ज्ञानेन्द्र ,पूवरानी कोमल, छोरी प्रेरणा शाहलगायत पाँच जना काठमाडौ प्रस्थान गरेका हुन् ।दमकबाट चन्द्रगढी बिमानस्थल आगमन हुँदा विदाईका लागि नेपाल बिद्वत परिषदका केन्द्रीय अध्यक्ष जितबहादुर अर्याल ,उपाध्यक्ष बल्लबप्रसाद दाहाल,मोरङ उपाध्यक्ष पुष्पराज दाहाल,पूर्वमन्त्री बद्रीप्रसाद मण्डल,राजावादी सन्जिब घिमिरेलगायत १०/१२ जना उपस्थित रहेका थिए ।

पूर्वराजा शाह गत भदौ ९ गते झापा आएका थिए । उनी हिमालयन महालक्ष्मी टि इस्टेटस्थित मिनी दरबारमा बसेका थिए ।

# ठूलो परिमाणमा लागूऔषधसहित एक भारतीय कारोबारी पक्राउ

झापा(प्रस) । नेपालतर्फ लागूऔषध आपूर्ति गर्दै आएका एक भारतीय कारोबारी भारतको गलगलियामा पक्राउ परेका छन् ।



गलगलिया प्रहरी र एसएसबीले २१८ ग्राम ब्राउनसुगरसहित ती कारोबारीलाई पक्राउ गरेका हुन् । मादक पदार्थको खरिद बिक्रीको धन्दा चलाइरहेको भन्ने गोप्य सूचनाको आधारमा प्रहरी र ४१ औं बटालियनको भातगाउँ बीओपीको संयुक्त टोलीले बिहीवार दिउँसो करिव १.३० बजे गलगलियाको भातगाउँ पञ्चायतको वार्ड नम्बर ५ स्थित एक घरमा छापा मारेको थियो ।

त्यसक्रममा ब्राउनसुगरसहित ती कारोबारी पक्राउ परेका हुन् । गलगलिया थाना क्षेत्रको दरभंगिया टोलस्थित एक घरमा खानतलासी गर्दा घरभित्र पलङमुनि लुकाइएको २१८ ग्राम ब्राउनसुगर बरामद भएको थियो ।

त्योसंगै १ लाख ९० हजार १ सय भारतीय रुपैयाँ र नेपाली १० रूपैयाँ बरामद भएको छ । लागूऔषधसंगै कारोबारी ३२ वर्षीय शिव सहनीलाई पक्राउ गरिएको छ । उनीविरुद्ध एनडीपीएस एक्टअन्तर्गत मुद्धा दर्ता गरिएको छ । गलगलिया प्रहरीले उनलाई न्यायिक हिरासतमा पठाउने तयारी गरिरहेको

## पाडाजुँगीमा लागूऔषधसहित तीनजना पक्राउ

झापा(प्रस) । झापाको कमल गाउँपालिका वडा नं ५ पाडाजुँगी चोकमा लागूऔषध बिक्री गरिरहेको अबस्थामा तीनजना पक्राउ परेका छन् । बिहीवार राति ८ बजे गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले मोरङ बिराटनगर -८ घर भई हाल दमक -८ बस्ने ३१ वर्षीय भोला अमात राय , भारत बिहार ठाकुरगंज-५ घर भई हाल दमक -८ किरात चौक बस्ने २० वर्षीय आलम खान र दमक -७ सुकुम्बासी टोल बस्ने २८ वर्षीय राजीव मण्डललाई पक्राउ गरेको हो ।

उनीहरुको साथबाट प्लाष्टिकबाहेक ५ ग्राम १७ मिलिग्राम ब्राउनसुगर फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।




## सम्पादकीय

# प्रधानमन्त्रीको सामाजिक सञ्जाल बन्द गर

**सरकारले सञ्चार मन्त्रालयमा सूचीकृत नभएका सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने निर्णय कार्यान्वयनको प्रकिया अघि बढाएको छ । मन्त्रालयले बिहीबार रातिदेखि लागू हुने गरी सूचीकरणमा नआएका सामाजिक सञ्जालमाथि रोक लगाउने निर्णय गरिसकेको छ । सर्वसाधारणका लागि फेसबुकलगायत सामाजिक सञ्जाल बन्द भए पनि प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीको सचिवालय 'पीएम केपी ओली सेक्रेटेरियट' पेज भने खुलै रहेको पाइएको छ । बालकोट पेजबाट ओलीले विधान महाधिवेशन उद्घाटन गरेको तस्बीर दिउँसो १ बजे अपलोड गरिएको थियो । त्यसैगरी ' बालकोट' पेजले पनि सो तस्बीर सेयर गरेको थियो ।**

**सचिवालयले लेखेको स्ट्याटसमा छ, 'नेकपा (एमाले) को दोस्रो विधान महाधिवेशन ललितपुरको सनराइज सभा हलमा आजबाट सुरु भएको छ । पार्टीका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्नुभएको हो ।' सो पोस्ट दिउँसो १ बजे सचिवालयको पेजमा राखिएको थियो । सर्वसाधारणको सामाजिक संजाल बन्द गरेर प्रधानमन्त्रीको खुल्ला राख्न मिल्दैन । त्यो तत्काल बन्द गरियोस् । सामाजिक संजालको खाँचो प्रधानमन्त्रीलाई मात्र पर्ने होइन । सबैलाई खाँचो छ ।**

**त्यसो त सरकारको यो कदमको चौतर्फी विरोध हुन थालेको छ । सरकारको यो कदमलाई अभिव्यक्ति स्वतन्त्रतामाथिको अंकुशको रूपमा हेरिएको छ ।**

**समग्रमा, अन्तर्राष्ट्रिय मिडियाले नेपाल सरकारको यो कदमलाई विश्वव्यापी रूपमा सामाजिक सञ्जालको नियमन गर्ने प्रचलनको एक हिस्साको रूपमा हेरेका छन्, तर यसले अभिव्यक्ति स्वतन्त्रता र सूचनामा जनताको पहुँचमा पार्न सक्ने प्रभावबारे चिन्ता व्यक्त गरेका छन् । सरकारले सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेसँगै सरोकारवाला र कानुनका जानकारहरूले गलत निर्णय भनी आलोचना गरेका छन् ।**

**सरकारको निर्णय आलोचना गर्नेहरूले सामाजिक सञ्जाल भनेको अभिव्यक्ति स्वतन्त्रता र मौलिक हकसँग जोडिएको जनताको अधिकार भएको भन्दै यसलाई प्रतिबन्ध लगाउनु गैर संवैधानिक कदम हुने दाबी गरेका छन् ।**

**सरकारले सामाजिक सञ्जालहरूमाथि प्रतिबन्ध लगाउँदा सर्वोच्च अदालतको फैसलाका आधारमा निर्णय लिएको दाबी गरेको छ । ३० साउन र गत बुधबार सार्वजनिक भएको पछिल्ला दुई फैसलाले सामाजिक सञ्जालको नियमन र दर्ताको कुरा गरेको थियो । सँगै सर्वोच्चले यसका लागि आवश्यक कानुन बनाउनु भनेको थियो । तर सरकारले कानुन बनाउने भन्दा रोक लगाउन अग्रसर भएको छ । त्यसविरुद्ध सर्वोच्चमा रिट दायर भइसकेको छ ।**




# उत्पादनमा विप्रेषण प्रभाव



• उद्धव सिलवाल

केही समयअघि नेपाल राष्ट्र बैङ्कले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/८२ को देशको आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी वार्षिक तथ्याङ्कले १७२३ अर्ब रेमिट्यान्स प्राप्त भएको विवरण सार्वजनिक गरेको छ । जबकि आव २०८०/८१ मा १४४५ अर्ब रुपियाँ मात्र रेमिट्यान्स भित्रिएको थियो । यो रेमिट्यान्स अघिल्लो वर्षको भन्दा १९.२ प्रतिशतले बढेको देखिन्छ । जबकि चालु आव २०८२/८३ को बजेटको आकार १९६४ अर्ब रुपियाँ रहेको छ । यो भनेको गत आवमा आएको रेमिट्यान्सभन्दा १३.९९ प्रतिशत मात्रै बढी हो । त्यतिखेर आव २०८१/८२ को बजेटको आकार १८६० अर्ब रुपियाँ थियो । जबकि त्यतिखेरको रेमिट्यान्स हेर्ने हो भने यो ७.९५ प्रतिशत मात्रै बढी हो । यसले देशको बजेटको आसपासमै रेमिट्यान्स आउँछ भन्ने कुरालाई पुष्टि गर्छ । रेमिट्यान्स बढ्नुमा दक्ष र सिप भएका प्राविधिक जनशक्ति बिदेसिनुलाई मुख्य कारण मानिएको छ ।

वैदेशिक रोजगार विभागबाट प्राप्त तथ्याङ्क अनुसार आव २०७७/७८ मा एक लाख ६६ हजार विदेश गएकामा आव २०७८/७९ मा यो सङ्ख्या बढेर छ लाख ३० हजार पुगेको थियो । आव २०७९/८० मा सात लाख ७१ हजार र आव २०८०/८१ मा पनि सात लाख ४१ हजार विदेश गएका थिए । गत आव २०८१/८२ मा भने वैदेशिक रोजगारीमा जाने सङ्ख्या अत्यधिक बढेर आठ लाख ३९ हजार पुगेको तथ्याङ्कले देखाएको छ । वैदेशिक रोजगारीको लागि विश्वका १४४ भन्दा बढी देशमा नेपाली युवा पुगिसकेका छन् । नेपाली श्रमशक्ति द्वन्द्वग्रस्त रुस, युक्रेनदेखि आन्तरिक युद्धले ग्रसित सिरिया, सोमालिया, सुडानलगायत देशमा समेत रहेका छन् । सरकारले श्रम स्वीकृतिका लागि रोक लगाएका देशमा समेत नेपाली युवा पुगेका छन् ।

स्वदेशमा भविष्य खोज्न नसकेपछि बिदेसिनुबाहेक अर्को विकल्प देखिँदैन । अदक्ष जनशक्ति मात्रै नभई दक्ष जनशक्तिको रूपमा रहेका नर्स, चिकित्सक, इन्जिनियर पनि विदेशतर्फ नै आकर्षित हुने गरेका छन् । वैदेशिक रोजगारीबाट देशमा विप्रेषण आएको कारण आर्थिक क्षेत्रमा केही चर्चा भइरहेको छ । रेमिट्यान्सले देशमा वैदेशिक मुद्राको सञ्चिति बढ्छ । यसबाट समग्र वित्तीय क्षेत्रको विस्तार भई आर्थिक विकासमा सहयोग पुगिरहेको छ । सरसर्ती हेर्दा यो उपलब्धिमूलक जस्तो देखिए पनि दिगो आर्थिक वृद्धि र विकासको दृष्टिबाट हेर्दा यसको उपलब्धि कम नै रहने गरेको छ । विप्रेषणको कारण आन्तरिक उत्पादन ओझेलमा परिरहेको छ ।

रेमिट्यान्सबाट प्राप्त रकममध्ये ७९ प्रतिशत उपभोगमा खर्च हुने गरेको छ भने तीन प्रतिशत मात्रै बचत हुने गरेको अध्ययनले देखाएको छ । नेपाल राष्ट्र बैङ्कले सन् २०२३ मा सार्वजनिक गरेको प्रतिवेदनमा रेमिट्यान्सबाट प्राप्त भएको रकममध्ये ५८.७८ प्रतिशत उपभोगमा खर्च हुने गरेको, शिक्षा स्वास्थ्यलगायतका क्षेत्रमा २२.४८ प्रतिशत, ऋण तिर्न १०.७ प्रतिशत र मनोरञ्जन तथा अन्य क्षेत्रमा ८.६७ प्रतिशत खर्च हुने गरेको उल्लेख छ ।

विप्रेषणको कारण उत्पादन नै नगरी कमाउने बिचौलिया अर्थतन्त्र फस्टाउँदै गइरहेको छ । विप्रेपणको रकम जति सबै उपभोगमा खर्च हुने गरेको कारण देशको विकासमा यसको योगदान न्यून रहेको छ । विप्रेषणले आयातमुखी अर्थतन्त्रलाई बढावा दिँदै आइरहेको छ । विप्रेषणमा भएको सुधारले बाह्य क्षेत्रका सूचक बलियो हुन पुगेका छन् । आव २०८१/८२ मा १८०४ अर्बको आयात भएको छ । रेमिट्यान्सको कारण आयात बढेको हो । आयतित वस्तुमा भटमासको कच्चा तेलको स्थान उच्च रहेको छ । उक्त वर्ष २७७ अर्बको निर्यात भएको छ । यो अघिल्लो वर्षको तुलनामा ८१.८ प्रतिशत बढी रहेको केन्द्रीय बैङ्कले सार्वजनिक गरेको २०८२ असारसम्मको वित्तीय स्थितिले देखाएको हो ।

निर्यातमा भएको वृद्धिलाई सिङ्गापुरको राष्ट्रिय विश्वविद्यालयको दक्षिण एसियाली अध्ययन संस्थामा कार्यरत भिजिटिङ सिनियर रिसर्च फेलो तथा व्यापार विज्ञ पुष्प शर्माले 'इस्ट एसिया फोरम' मा प्रकाशित नेपालको बढ्दो निर्यात उत्सवको कारण होइन भन्ने लेखमा तेस्रो मुलुकबाट सामान झिकाएर भारत पठाउँदा बढेको निर्यातको तथ्याङ्कलाई उत्सव मनाउन आवश्यक नभएको भनी उल्लेख गरेका छन् । उनले लेखेका छन्, 'भटमासको तेल निर्यातमा भएको उल्लेखनीय वृद्धिले गर्दा नेपालको सामान निर्यातमा उल्लेखनीय वृद्धि उत्सवको कारण होइन । नेपालको भटमास तेल निर्यातले देशको अर्थतन्त्र र समाजसँग बलियो सम्बन्ध राख्दैन । यसले ठुलो मात्रामा अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्दैन र पर्याप्त रोजगारीका अवसर पनि सिर्जना गर्दैन । व्यापारिक साझेदारको अचानक नीति परिवर्तनमा आधारित यस प्रकारको निर्यात र निर्यातकर्ता देशको घरेलु क्षमता वा प्रतिस्पर्धा दिगो हुँदैन ।' यसले हाम्रो आयात निर्यात व्यापारको यथार्थ अवस्थालाई चित्रण गरेको छ ।

आयात निर्यात व्यापारले अर्थतन्त्र चलायमान हुन नसकेपछि अर्थतन्त्रलाई रेमिट्यान्सले केही चलायमान बनाउन सहयोग पुऱ्याइरहेको छ । रेमिट्यान्स जति बढ्यो अर्थतन्त्र त्यही रूपमा चलायमान हुनुपर्थ्यो । रेमिट्यान्स बढे अनुसार अर्थतन्त्र चलायमान हुन सकेको छैन । यो भनेको रेमिट्यान्सको योगदान कुल गाहस्थ्र्य उत्पादन (जिडिपी) मा पुग्न सकेको छैन भन्ने हो । जिडिपी भन्नाले अर्थतन्त्रको सम्पूर्ण खपत, लगानी, सरकारी खर्च र वैदेशिक व्यापार (आयात- निर्यात) को कुल योगफल हो । कुनै पनि देशले एक निश्चित समय (एक वर्ष) मा उत्पादन गर्ने सबै वस्तु र सेवाहरूको कुल मूल्यलाई जिडिपी भन्ने गरिन्छ । यसले देशको अर्थतन्त्रको अवस्थालाई चित्रण गर्छ । जिडिपी बढ्यो भने देशको उत्पादन र सेवाको मूल्य बढ्छ । यसले आर्थिक वृद्धिको सङ्केत गर्छ । जिडिपी घट्यो भने देशको उत्पादन र सेवाको मूल्य घट्छ ।

राष्ट्रिय युवा नीति २०८२ मा नेपाली युवाको उमेर १८ देखि ३५ वर्ष कायम गरिएको छ । यो भनेको १८ देखि ३५ वर्ष उमेर समूहका वर्ग मात्रै युवा हुन् । यसअघि राष्ट्रिय युवा नीति २०७२ मा युवाको उमेर समूह १६ देखि ४० वर्ष रहेको थियो । नयाँ परिभाषामा पर्ने युवाहरू निराश र थकानबिच पनि जीवनको सुनौलो योजना समाल्दै बिदेसिने क्रममा रहेका छन् । यस्ता युवा वर्ग जो देशमा कुनै पनि अवसर नदेखेपछि बाध्य भएर विदेशतर्फ आकर्षित भएका हुन् । यसमध्ये केही भने स्वदेशमा सुखद भविष्य नदेखेर निराश भई पलायन भइरहेका छन् । यस्ता वर्गबाट प्राप्त रेमिट्यान्समा रमाउनु भनेको बबलको फोकामा खुसी हुनु जस्तै हो ।

जिडिपी बढ्दा देशमा रोजगारीको अवसर सिर्जना हुन्छ । रोजगारीका लागि बाहिरिने जनशक्तिमा कमी आउँछ । लामो समयसम्म वैदेशिक रोजगारीमाथिको निर्भरता देशको दीर्घकालीन हितमा हुन सक्दैन । विप्रेषणले आर्थिक अवस्थालाई कमजोर हुन नदिन भने मह□वपूर्ण भूमिका खेल्दै आइरहेको छ । अङ्ग्रेजी साहित्यका ज्ञाता प्राडा गोविन्दराज भट्टराईले मुग्लान उपन्यासमा देशमा बस्नेलाई हीनता बोध गराउने वातावरण सिर्जना गराइएको कारण दक्ष जनशक्तिका रूपमा रहेका डाक्टर, इन्जिनियर र सरकारी जागिर पाएकाहरूले मातृभूमि छोडेर सिङ्गो देश नै रित्तो भएर गइरहनुलाई डरलाग्दो अवस्थाको चित्रण गरेका छन् । यसरी देश नै खाली गरेर आर्जन भएको विप्रेषण अर्थतन्त्रमा रमाउनुको कुनै औचित्य नभएको उपन्यासमा लेखिएको छ । यसतर्फ पनि राज्यले ध्यान दिनुपर्ने छ ।

जिडिपीले देशको आर्थिक अवस्थालाई मापन गर्ने हुँदा रेमिट्यान्सको योगदान जिडिपीमा ल्याउने वातावरण राज्यले सिर्जना गर्नुपर्ने खाँचो देखिएको छ । रेमिट्यान्स बढ्दैमा सबै सूचकाङ्क राम्रो छ भनेर मान्न सकिन्न । अर्थतन्त्रको वास्तविक क्षेत्र उत्पादन, रोजगारी र उद्योग व्यवसायको अवस्थामा सुधार आएपछि मात्रै आर्थिक सूचक मजबुत हुने छन् । युवा पलयान हुनु भनेको रोजगारी र आयको अभाव मात्रै नभई विश्वासको सङ्कट पनि हो । यो भनेको देशले आफ्नो भविष्य गुमाउनु हो । यो समस्या मात्र नभई राष्ट्रिय आपत्कालीन अवस्था पनि हो । जसले जनशक्ति मात्रै नभई नवप्रवर्तन, नेतृत्व र भोलिको नेपाल निर्माण गर्ने ऊर्जासमेत गुमाइरहेको हुँदा सरकार, निजी क्षेत्र र सबै राजनीतिक पाटीले युवा वर्गालाई देशमा केही गर्न सकिँदैन भन्ने मानसिकताबाट बाहिर ल्याउनु पर्ने खाँचो देखिएको छ ।

# अन्तर्देशीय समन्वय खाँचो



• विष्णुकुमारी लामिछाने

संयुक्त राष्ट्रसंघ महासभाले अन्तर्राष्ट्रिय सङ्गठित अपराधलाई संयुक्त रूपमा सम्बोधन गर्नका लागि अन्तर्देशीय अपराधविरुद्धको महासन्धि सन् २००० डिसेम्बर १५ मा पारित गरेको थियो । यसै महासन्धि अन्तर्गत सोही समयमै तीन वटा अतिरिक्त प्रोटोकलसमेत जारी भएका थिए । जस अन्तर्गत मानव बेचबिखन खास गरी महिला र बालबालिकाको बेचबिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा भएको पूरक आलेख वा 'पालेर्मो प्रोटोकल' एक हो । सन् २००३ डिसेम्बर २५ देखि लागु भएको 'पालेर्मो प्रोटोकल' को अनुमोदन नेपालले सन् २०२० जुन १६ मा गरेको थियो ।

यस प्रोटोकलको उद्देश्य मानव बेचबिखन तथा ओसारपसार रोकथाम र प्रतिरोध गर्ने, पीडितको मानव अधिकारको सम्मान, संरक्षण र सहायता प्रदान गर्ने साथै राज्यपक्षबिच सहयोग, समन्वय र सहकार्यको वातावरण सिर्जना गर्ने रहेको छ । अन्तर्देशीय अपराधविरुद्धको महासन्धिमा हस्ताक्षर र यस अन्तर्गतको प्रोटोकलको नेपालले अनुमोदन गरी पक्ष राष्ट्र भएको हुँदा कानुनको सामयिक सुधार, तीनै तहका सरकारले जिम्मेवारी वहन, अन्तरसम्बन्धित मुद्दामा केन्द्रित भई समस्या समाधानका लागि पहल साथै प्रभावकारी संयन्त्र निर्माणमा सरकारले यथाशीघ्र पहल गर्नु पर्छ ।

संयुक्त राष्ट्रसंघले २५ वर्षअघि पारित गरेको महासन्धि अन्तर्गतको प्रोटोकललाई २० वर्षपछि नेपालले अनुमोदन गरेर पनि सोही अनुकूल नयाँ कानुन निर्माण वा परिमार्जन गर्न नसक्नु आफैँमा विडम्बना छ । समयसँगै मानव बेचबिखन तथा ओसारपसारका घटनाको स्वरूपमा परिवर्तन हुँदै गइरहेका छन् । सूचना र प्रविधिले फड्को मारेसँगै औपचारिक माध्यमको प्रयोग गरेर बेचबिखन र ओसारपसार भइरहेको छ । यस्तो परिवेशलाई सम्बोधन गर्न अढाई दशकअघिको प्रोटोकल अहिलेसम्म पनि कार्यान्वयनमा ल्याउन सकिएको छैन ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण विधेयक संसद्मा छलफलको क्रममा रहेको पनि लामो समय भइसकेको छ । यो समयमा पारित हुन नसक्दा सङ्घीयता अनुकूल हुने कानुनी दस्ताबेजको अभाव एकातर्फ भइरहेको छ भने अर्कोतर्फ नयाँ नयाँ तरिका अवलम्बन गरी घटना गराउनेलाई कानुनी दायरामा ल्याउन कठिन भएको छ । महिला र बालबालिका मात्र होइन वैदेशिक रोजगारीको क्रममा होस् वा अङ्ग प्रत्यारोपणमा नै किन नहोस् पुरुषसमेत पीडित हुने क्रम बढ्दै गइरहेको छ । वैदेशिक रोजगारी, भुटानी शरणार्थी र भिजिट भिसाको बहानामा भएका अवैध क्रियाकलापलाई बेचबिखन र ओसारपसारको दायरामा कारबाही गर्न सकिएको छैन ।

नेपालीलाई लोभ देखाएर मिर्गौला निकाल्ने र स्वास्थ्य संस्थामा प्रत्यारोपणको क्रममा प्रयोग गर्ने जानकारी पाएसँगै नेपाल प्रहरीले यसै कार्यमा संलग्न मुख्य नाइके श्यामकृष्ण भण्डारी र उनका सहयोगी सुजन भारतीलाई यही भदौ १५ गते पक्राउ गरेको छ । काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, धादिङ, नुवाकोटलगायतका जिल्लामा मिर्गौला दिन तयार मानिसको खोजी गर्ने, सङ्गठित रूपमा गिरोह परिचालन गरी छ लाख रुपियाँको प्रलोभन देखाउने, मिर्गौला दिन तयार मानिसलाई दिल्लीसम्म पुऱ्याउने, परीक्षण गर्ने र मिर्गौला झिकेपश्चात् नेपालमै ल्याएर छोडिदिने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । मिर्गौला दिने मानिसको खोजी गर्नेलाई ५० हजार दिने गरेको बताइएको छ ।

घरेलु श्रमिकको रूपमा कुवेत जान नेपाल सरकारले प्रतिबन्ध लगाएको छ । यद्यपि ४० हजारभन्दा बढी महिला घरेलु श्रमिकका रूपमा कार्यरत छन् । भिजिट भिसाको आवरणमा दुबई र नयाँ दिल्लीको बाटो प्रयोग गरी अवैध रूपमा महिलालाई कुवेत पुऱ्याइने गरिन्छ । उनीहरूको उमेर र सुन्दरता हेरेर तीनदेखि साढे तीन लाख रुपियाँमा दुई वर्षको लागि बेचिने गरेको पाइएको छ । घरमा बन्धक बनाएर राख्ने, बिरामी हुँदा उपचारसमेत नपाउने, शारीरिक, मानसिक हिंसा, यौनदुर्व्यवहार, कुटपिट, पर्याप्त खानाको अभाव भोगिरहेका नेपाली महिला उद्धारका लागि हारगुहार गरिरहेका छन् ।

बाहिरी मुलुकमा मात्र होइन आन्तरिक रूपमा हुने बेचबिखन तथा ओसार पसारलाई कानुनी दायरामा ल्याउन सकिएको छैन । बाहिर होटलको होर्डिङ बोर्ड राख्ने तर भित्र खाना पकाउने चुलोसम्म नहुने, दिनभर होर्डिङ बोर्ड हटाउने तर रातभर राख्नेलगायतका अवैध कारोबारीलाई नियमित रूपमा अनुगमन गरी निरुत्साहित गर्न सकिएको छैन । आर्थिक रूपमा विपन्न, अशिक्षित, हिंसा पीडित/प्रभावित तथा रोजगारीको खोजीमा रहेका महिला तथा बालबालिकालाई न्यून पारिश्रमिक या पारिश्रमिकबिना नै शोषण गर्ने गरेका घटना छन् । तिनै तहका सरकारको समन्वय र सहकार्यबाट अवैध रूपमा कारोबार गर्नेहरूलाई प्रभावकारी अनुगमनमार्फत सजायको भागेदार बनाउनुपर्ने देखिन्छ ।

मानव बेचबिखन अनुसन्धान ब्युरोको प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८१/८२ मा मानव बेचबिखन तथा ओसारपसारमा १५१ मुद्दा दर्ता भएकोमा पीडित महिला ९० जना, बालिका ७९ जना, पुरुष १४ जना र बालक एक जना रहेका छन् । घटना धेरै भए पनि यस क्षेत्रमा कमै मात्र उजुरी पर्ने र कतिपय मुद्दाको अनुसन्धान र कारबाहीको क्रममा पीडित नै होस्टाइल हुने परिपाटीले गर्दा पीडकलाई कारबाही गर्न सकिएको छैन । उजुरी नै परेका मुद्दाका हकमा समेत मुख्य योजनाकारभन्दा पनि प्रयोग गरिएका व्यक्ति नै पक्राउ पर्ने भएकाले घटनामा कमी आउन सकिरहेको छैन । हाम्रो मुलुक मानव तस्करको गन्तव्य तथा माध्यम मुलुकको रूपमा विकास हुँदै गइरहेको छ । यसलाई रोक्न राज्यतर्फबाट तत्काल 'पालेर्मो प्रोटोकल,' सङ्घीय संरचना र आधुनिक घटनाक्रमलाई केन्द्रित गरेर अध्यादेश स्वीकृत गर्नु पर्छ । यसका साथै कानुन कार्यान्वयन गर्ने निकायको सबलीकरण, आधुनिकीकरण एवं अधिकारीको क्षमता अभिवृद्धिमा जोड दिनु पर्छ । मानव बेचबिखन तथा ओसारपसार अन्तर्राष्ट्रिय अपराध भएको हुँदा यसको रोकथाम र कारबाहीका लागि अन्तर्देशीय समन्वयलाई प्रभावकारी बनाउँदै लैजानु पर्छ ।

अन्तरसम्बन्धित सवालको रूपमा रहेको मानव बेचबिखन तथा ओसारपसारका थुप्रै कारण रहेका छन्, जसमा अशिक्षा, गरिबी, विभेद, हिंसा, सामाजिक सशक्तीकरणको अभाव, पारिवारिक बेमेल, बेरोजगारी, आर्थिक प्रलोभन आदि रहेका छन् । यी सम्बन्धित मुद्दाका लागि अन्तरसरकार समन्वय र सहकार्यको आवश्यकता रहेको छ । मूल कारणको अन्त्यका लागि सशक्तीकरण, सामुदायिक सचेतना, सिपमूलक तालिम, विषयवस्तु पाठ्यक्रममा समावेश, सिपमूलक तालिम, जोखिमउन्मुख परिवारको पहिचान, उत्थान र परामर्शलगायतका पहल राज्यले गर्नु पर्छ । यसका लागि सञ्चार क्षेत्रको क्रियाशीलता अभिवृद्धि गर्नुका साथै यस क्षेत्रमा कार्यरत गैरसरकारी संस्थालाई प्रभावकारी परिचालन गर्ने पद्धति बसाल्नुपर्ने हुन्छ ।

राज्यले पीडित प्रभावितको मानव अधिकारको संरक्षण गर्न शीघ्र न्यायिक निरूपण, सिपमूलक तालिम, मनोपरामर्श र उपचारसहितको पुनर्स्थापना केन्द्र सञ्चालनको व्यवस्था मिलाउनु पर्छ । पीडित पुनः पीडित बन्न नपरोस् भन्ने पक्षमा राज्य संवेदनशील रहनु पर्छ । लामो अदालती प्रक्रियाबाट मुद्दा फैसला भएपश्चात् क्षतिपूर्ति रकम प्राप्त गर्न नै बर्सौं लाग्ने परिपाटीको अन्त्य गर्दै तत्काल क्षतिपूर्ति रकम भराउने व्यवस्था एवं जीविकोपार्जनसहितको पारिवारिक पुनर्स्थापनामा जोड दिन सकेमा पीडितले राहतको महसुस गर्ने थिए ।

मानव बेचबिखन तथा ओसारपसारका घटनाको उपचारभन्दा रोकथाममा केन्द्रित हुन सङ्घ, प्रदेश र स्थानीय सरकारले समस्याको जरोमा केन्द्रित भई नीति, योजना, बजेट विनियोजन, कार्यान्वयन तथा अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनु पर्छ । तिनै तहका सरकारको सामाजिक क्षेत्रमा भएको न्यून लगानीलाई अभिवृद्धि गर्दै मितव्ययी, पारदर्शी र तोकिएकै क्षेत्रमा खर्च गर्ने परिपाटी बस्न सकेमा मात्र समाजमा चेतनाको लहर ल्याउन सकिन्छ । वितरणमुखी र छिरलिएका गन्तव्यविहीन योजनाले सामाजिक आवश्यकता कहिल्यै पूरा गर्न सकिँदैन, केवल उपचारमा सीमित हुन बाध्य भइरहने स्थिति सिर्जना गर्छ ।

# अख्तियारको नक्कली कर्मचारी बनेर एक करोड माग्ने दुई पक्राउ

झापा(प्रस) । सुनसरीको हरिनगर गाउँपालिका- ७ घर भएर काठमाडौंको सुकेधारा बस्ने विनोद साह र डोटीको शिखर नगरपालिका- ९ घर भएर कीर्तिपुर बस्ने लक्ष्मण पनेरु आपराधिक लाभ (एक्सटर्सन)सम्बन्धी कसुरमा जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतमा छन् ।

'अख्तियारको कर्मचारी हौं' भन्दै टोखा बस्ने ठमेलका एक व्यापारीसँग एक करोड रुपैयाँ मागेको आरोप उनीहरूमाथि छ ।

गएको असार ४ गतेदेखि ती व्यापारीलाई ह्वाट्सएपमा म्यासेज तथा फोन सम्पर्क गरेर निरन्तर धम्की दिएपछि पीडितले गत आइतबार (भदौ १५) गते मात्रै प्रहरीमा उजुरी दिएका थिए । उजुरीकै आधारमा प्रहरीले साह र पनेरुलाई नियन्त्रणमा लिएको हो ।

पक्राउ परेकामध्ये साह र पीडित व्यापारीबीच पुरानो चिनजान थियो । कुलेश्वरमा रक्सीको डिलर सञ्चालन गरी बस्ने साहलाई ती व्यापारीको आर्थिक हैसियतबारे राम्रै जानकारी थियो ।

त्यही मौकामा उनले आफ्नो पसलमा आइरहने पनेरुलाई ती व्यापारीको पारिवारिक पृष्ठभूमिबारे अवगत गराउँदै 'पैसा कमाउने भए नागरिकताको विषय लिएर धम्की देऊ, पैसा दिन्छ, आधा-आधा बाँडेर लिउँला' भनेको खुलेको छ ।

नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपानिकट पनेरु असार ४ मा ठमेलमै पुगेर 'म अख्तियारको कर्मचारी हुँ । तपाईंको नागरिकतासम्बन्धी उजुरी परेको छ । मोबाइल नम्बर दिनू अनि मैले सोधेको कुरा बताउनू' भन्दै हिँडेका थिए । तर, ती व्यापारीको नागरिकतामा



कुनै कैफियत थिएन । पछि ती व्यापारीले पनेरुलाई फोन गरेर 'हामीहरूको नागरिकता सबै ठीक छ, आइन्दा फोन गरेर धम्की नदिनू' भन्दै फोन काटे ।

व्यापारीले त्यति भनेर फोन काटेपछि पनेरुले एकैपटक गत साउन ७ गते ह्वाट्सएपमा 'तपाईंहरू भ्रममा पर्नुभएको छ । तपाईंहरूको नाममा निवेदन समेत तयार पारी अदालतमा पठाउँछौं । मूर्खताले तपाईंको नै क्षति हुन्छ । तपाईंले कहिले भेट्ने हो ?' भन्दै म्यासेज पठाए । ती व्यापारीलाई धेरै तनाव भएपछि उनी अख्तियार पुगेर पनेरुको नाम लिँदै 'यो नाम गरेको व्यक्ति आयोगको कर्मचारी हो वा होइन ? मलाई नागरिकता नक्कली छ भनेर धम्की दिई एक करोड मागेको छ' भन्दै बुझे ।

अख्तियारका कर्मचारीले लक्ष्मण पनेरु नाम गरेको कोही पनि कर्मचारी काम नगर्ने बताएपछि ती व्यापारी ढुक्क भए । अख्तियारका एक प्रहरी उपरीक्षक (एसपी) ले उक्त घटनाको आन्तरिक छानबिन गर्दा अनुसन्धान गर्नुपर्ने देखिएपछि ती व्यापारीलाई टेकुस्थित काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा जान सुझाए ।

अनि ती व्यापारी आफूलाई ह्वाट्सएपमा आएका म्यासेज र कल रेकर्ड लिएर अनुसन्धान कार्यालय पुगे । ती व्यापारीलाई पनेरुले पैसा नदिए मुद्दा दर्ता हुने र जेल जानेसम्मको धम्की दिएका थिए ।

पनेरुले व्यापारीलाई 'तपाईंले चाइनाको वीच्याट समेत चलाउनु हुने रहेछ । अब तपाईंविरुद्ध सम्पत्ति शुद्धीकरणमा समेत मुद्दा चलाउन सिफारिस गर्छौं,' भन्दै धम्की दिएका थिए ।

पनेरुले व्यापारीलाई ह्वाट्सएपमा पठाएको म्यासेजमा ' अब दशैं आउँदैछ, हेर तिमी दशैंमा भित्र जाने कि घरमा मासु र भात खाने हो, होश गर, तिम्रो अर्को सूचना पनि छ' भन्दै धम्की दिएका थिए ।

अरू त अरू पनेरुले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं पूर्व उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको नागरिकता प्रकरणलाई समेत जोडेर म्यासेज पठाएका थिए ।

'तपाईंलाई मौका पूरै छ, मौका नदिने भए सिधै प्रक्रियामा अघि बढ्थें, अझै तपाईंलाई लाग्छ कि यस्तै अल्झाऊँ, बेक्कारमा दुःख पाइएला,' पनेरुले व्यापारीलाई ह्वाट्सएपमा पठाएको म्यासेजमा भनिएको छ, 'रविको प्रक्रियागत गल्ती थियो र त त्यो झमेला भोग्नुपर्‍यो, तपाईंहरूको त झन् वैधानिक नै छैन ।'

अनुसन्धान कार्यालयले सबै विवरण र व्यापारीलाई ह्वाट्सएपमा आएको म्यासेज हेरेर पनेरुलाई पक्राउ गर्ने रणनीति बनायो ।

पनेरुलाई फोन गर्न लगायो । पैसाको लेनदेन कलंकी खसीबजारस्थित भाटभटेनी सुपरमार्केट अगाडि गर्ने समझदारीअनुसार सोमबार व्यापारीलाई लिएर प्रहरी त्यहीं पुग्यो ।

एक करोडमा भएको बार्गेनिङ २० लाखमा टुंग्याउँदै शुरूमा दुई लाख नगद दिने र बाँकी १८ लाख एक हप्ताभित्रै दिने सहमति अनुसार पैसा लिन भाटभटेनी पुगेका पनेरुलाई प्रहरीले पक्राउ गर्‍यो ।

पनेरुले आफूलाई व्यापारी धम्क्याउन र पैसा माग्न लगाउने व्यक्ति विनोद साह रहेको बताएपछि प्रहरीले साहलाई पनि लगत्तै नियन्त्रणमा लियो ।

अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यका अनुसार पक्राउ परेका साह र पनेरुलाई थप कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ ।

उनले भने,' अख्तियारको नक्कली कर्मचारी बनेर नक्कली नागरिकतामा मुद्दा चलाइदिन्छौं भन्दै एक करोड रुपैयाँ मागेको पाइयो । पीडितको उजुरीपछि हामीले पक्राउ गरेर परिसर पठाएका हौं ।'

पक्राउ परेका साह र पनेरुविरुद्ध आपराधिक लाभ (एक्सटर्सन) कसुरमा म्याद थप गरेर काठमाडौं परिसरले अनुसन्धान गरिरहेको छ ।

# मोहम्मद जयन्तीमा भव्य शोभा र्‍याली

झापा(प्रस) । इस्लाम धर्मका प्रवर्तक पैगम्बर हजरत मोहम्मदको १५००औं जन्मोत्सवको उपलक्ष्यमा झापाका विभिन्न स्थानमा शोभा र्‍याली निकालिएको छ ।

बिर्तामोड-३ स्थित बिर्तामोड नगरपालिका कार्यालय अगाडिबाट मुस्लिम समाज विकास समितिका अध्यक्ष अफ्रोज खानको नेतृत्वमा निकालिएको र्‍यालीमा सयौंको उपस्थिति रहेको थियो । शोभा र्‍यालीले बिर्तामोड बजार परिक्रमा गरेको थियो । त्यस्तै दमकमा पनि भव्य र्‍याली निकालिएको थियो ।

इस्लाम धर्मका प्रवर्तक पैगम्बर हजरत मोहम्मदको जन्मोत्सवको उपलक्ष्यमा झापाका ६ वटा पालिकाहरुले शुक्रवार स्थानीय विदा दिएका थिए । भद्रपुर नगरपालिका, मेचीनगर नगरपालिका, कचनकवल गाउँपालिका, बाह्रदशी गाउँपालिका , झापा गाउँपालिका र गौरीगञ्ज गाउँपालिकाले स्थानीय बिदा दिएका थिए ।

मुस्लिम समुदायको बसोबास रहेको ती पालिकाहरूमा बर्सेनि स्थानीय बिदा दिने गरिएको छ ।

मुस्लिम समुदायका श्रद्धालुहरूले विशेष प्रार्थना, धर्मोपदेश र सामुदायिक कार्यक्रमहरू आ-आफ्नो पालिकामा मनाएका छन् ।

# पिकअपले ठक्कर दिँदा नाबालकको मृत्यु

झापा(प्रस) । मोरङमा पिकअप गाडीले ठक्कर दिँदा नाबालकको मृत्यु भएको छ। बूढीगंगा गाउँपालिका-४ पशुपति टोलमा शुक्रबार दिउँसो दुर्घटना भएको हो। दक्षिणबाट उत्तरतर्फ जाँदै गरेको प्र १-०२-०२ च ४६६५ नम्बरको पिकअप गाडीले सडक पार गर्दै गरेका सबहरी पौडेलका छोरा ५ वर्षीय शम्भु पौडेललाई ठक्कर दिएको मोरङ ट्राफिक प्रमुख इन्स्पेक्टर राजन लम्सालले बताए। उनका अनुसार पिकअपको ठक्करबाट गम्भीर घाइते भएका नाबालकलाई उपचारका लागि विराट शिक्षण अस्पताल लगिएको थियो। अस्पताल पुर्‍याउनसाथ चिकित्सकले मृत घोषित गरेका छन् । ठक्कर दिने पिकअप र चालक सुनसरीको दुहबी नगरपालिका-११ का २७ वर्षीय दीपनारायण ऋषिदेवलाई प्रहरीले नियन्त्रणमा लिएको छ। घटनाको अुनसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# सहकारी ऐन कार्यान्वयनमा जोड

झापा(प्रस) ।सहकारी ऐनको कार्यान्वयनमा सरोकारवालाले जोड दिएका छन् । सहकारी क्षेत्रको सुधार र पारदर्शिताका लागि कानुनी व्यवस्थाको पालना अपरिहार्य रहेको उनीहरूले बताएका हुन् ।




भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले सहकारी ऐनमा भएका व्यवस्था क्रमशः लागु गर्दै जानुपर्ने बताए । उनले मूल ऐनमा भएका व्यवस्था, नियमावली र निर्देशन कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणका अध्यक्ष खगराज शर्माले सहकारीका ऐन नियममा केही दुबिधा रहेको भन्दै यसलाई समाधान गर्नुपर्ने बताए । मुख्य कारोबारलाई फरक ढङ्गले परिभाषित नगरेसम्म प्राधिकरणले जारी गरेको निर्देशन पालना गर्नुपर्ने उनले बताए । ३० प्रतिशतभन्दा बढी बचत तथा ऋणको कारोबार गर्ने सबै प्रकृतिका सहकारी प्राधिकरणको दायरा पर्ने स्पष्ट पारे ।

सहकारी विभागका रजिस्ट्रार उमेश ढुङ्गानाले सहकारी क्षेत्रलाई लगानीको बाटो र रोजगारीको बाटो बनाउनुपर्ने बताए । सहकारीको मूल्यमान्यता हराउँदै गएकाले यसलाई जोगाउनुपर्नेमा उनले जोड दिए ।

# दुई लाख जनसंख्या भएको ठाउँमा अस्पताल

झापा(प्रस) । बढ्दो जनसंख्याको अनुपातमा बढ्दो विरामीको संख्यालाई आधार बनाएर सरकारले अबको पाँच वर्षभित्र प्रतिदुई लाख जनसंख्या भएको क्षेत्रमा विशिष्टीकृत शल्यक्रिया सेवा सहितको अस्पताल स्थापना गर्ने तयारी गरेको छ।

१५ वटा संघीय अस्पताल मात्रै होइन अहिले देशमा भएका प्रदेश अस्पतालहरूमा समेत विरामीको उत्तिकै भीड देखिन्छ।

यति मात्रै होइन ५० तथा १०० शय्याका आधारभुत तथा जिल्ला




अस्पतालहरूमा पनि उत्तिकै भीड देखिन्छ भने ठूला अस्पतालमा विशिष्टीकृत सेवा लिन विरामीहरूले महिनौंसम्म गर्नुपर्ने बाध्यता छ। यसरी विरामीहरूले विशिष्टीकृत सेवा लिन लामो समयसम्म कुर्नुपर्ने बाध्यता अन्त्य गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रतिदुई लाख जनसंख्या भएको क्षेत्रमा विशिष्टीकृत शल्यक्रिया सेवा सहितको अस्पताल खोल्ने तयारी अघि सारेको हो।

यसका लागि आवश्यक नीति नियम निर्माणका लागि केही दिनअघि हार्भर्ड मेडिकल स्कुल, बोस्टन चिल्ड्रेन हस्पिटल र निक साइमन इन्स्टिच्युटको सहयोगमा मन्त्रालयले दुईदिने कार्यशाला गोष्ठी आयोजना गरेको थियो।

सर्जिकल अब्सटेटिक एनेस्थेसिया वर्क प्लान समित सेवाको अस्पताल सेवा दिने सरकारले सन् २०१५ विश्व स्वास्थ्य संगठनको महासभा बैठकमा नै प्रतिदुई लाख जनसंख्यामा भएको ठाउँमा बाहिरबाट देखिने भाँचिएको हड्डी जोड्ने शल्यक्रिया र पेट चिरेर गरिने सामान्य शल्यक्रिया (एपेन्डिसाइटीस तथा हर्निया) तथा गर्भवती महिलालाई सुत्केरी हुने,जस्ता सेवा दिने खालको सेन्टर बनान'सर्जिकल, अब्सटेटिक, एनेस्थेसिया वर्क प्लान' बनाई सन् २०३० सम्ममा पूर्ण कार्यान्वयनमा ल्याउने मन्त्रालयले प्रतिबद्धता जनाएको थियो।

सोही प्रतिबद्धताअनुसार अहिले आएर मन्त्रालयले नीतिगत मस्यौदा तयार पार्न लागेको हो।

स्वास्थ्य सचिव डा. विकास देवकोटाले देशमा अबको सर्जिकल सेवा कस्तो हुने ? सर्जिकल सेवाका लागि के के आवश्यक हुन्छ ? १० वर्षे योजनामा के के कुरा समेट्नुपर्छ भन्ने विषयमा विज्ञहरूको सुझाव आएपछि नीतिगत मस्यौदा तयारी गरिने बताए।

स्वास्थ्य सचिव डा देवकोटाले भने 'अहिले हाम्रोमा सबैभन्दा ठूलो समस्या भनेको अस्पतालहरूमा सामान्यदेखि जटिल प्रकारका सर्जरीका लागि पालो पाउनको लागि लामो समयसम्म कुर्नुपर्ने बाध्यता छ, यसलाई नै व्यवस्थित गर्नुपर्नेछ । त्यसका लागि अबको सर्जिकल सेवा कस्तो हुने ? भन्ने विषयमा विज्ञहरू सहितको सुझावको आधारमा नीतिगत मस्यौदा बनाइ अब पाँच वर्षमा सेवा नै सञ्चालन गर्नुपर्ने गरी काम गर्नुपर्ने छ'।

यस्तै मन्त्रालयका गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख डा. सरोज शर्माले शल्यक्रिया सेवाको लागि ठूला संघीय अस्पतालहरूमा लाग्ने भीड घटाउन जनरल सर्जिकल, अब्सटेटिक सेवा तथा सर्जरी सेवा सहितको विशिष्टीकृत सेवा दिने स्वास्थ्य संस्थाहरूको विस्तार गरिने गरी काम गरिएको बताए।

तर यसका लागि नयाँ अस्पताल निर्माण गर्नभन्दा अहिले भइरहेका अस्पतालहरूको सेवालाई विस्तार गर्ने गरी गृहकार्य गरिएको मन्त्रालयले जनाएको छ।

# हिरासत कक्षमा थुनुवाहरुबीच झडप, एक घाइते



झापा(प्रस) । इलाका प्रहरी कार्यालय रानी विराटनगरको हिरासत कक्षभित्र थुनुवाहरुबीच झडप भएको छ ।

बिहीवार राति ९.३० बजे बिराटनगर १४ स्थित इलाका प्रहरी कार्यालय रानीको हिरासत कक्षभित्र थुनुवाहरुबीच झडप भएको हो । झडपमा चोरी मुद्धाको अनुसन्धानको सिलसिलामा रहेका बिराटनगर १५ बस्ने २४ वर्षीय बिजयकुमार साह घाइते भएका छन् । उनलाई उपचारको लागि कोशी अस्पताल बिराटनगर लगिएको थियो ।

उपचारपश्चात् उनलाई पुनः इप्रका रानीमा ल्याई राखिएको छ । अहिले त्यहाँको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ ।

# स्वास्थ्य बिमामा आबद्ध भए मात्रै सुविधा पाउने




झापा(प्रस) ।आगामी कात्तिक १ बाट स्वास्थ्य बिमामा आबद्ध भएका विपन्न नागरिकहरूले आठ प्रकारका कडा रोगको एकीकृत सुविधा पाउने भएका छन् । हाल मुटु, मिर्गौला, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी र सिकलसेल एनिमियाका बिरामीहरूले यो सुविधा पाउँदै आएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमलाई एकद्वार प्रणालीमा आबद्ध गर्ने निर्णयअनुसार आगामी कात्तिकदेखि यो व्यवस्था लागू गर्न लागेको हो । एकीकृत सुविधा कार्यान्वयनका लागि मन्त्रालयले हालै 'विपन्न नागरिक औषधि उपचार कार्यक्रम सञ्चालन निर्देशिका, २०८० (पहिलो संशोधन २०८२)' स्वीकृत गरेको छ ।

संशोधित निर्देशिकाअनुसार विपन्न नागरिकले पाउँदै आएको उपचार सुविधाको सम्पूर्ण भुक्तानी स्वास्थ्य बिमा बोर्डमार्फत हुने व्यवस्था गरिएको थियो ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले यो सुविधा स्वास्थ्य बिमा प्रणालीमार्फत मात्र उपलब्ध हुने भएकाले हाल सेवा लिइरहेका वा नयाँ सेवा लिन चाहने सबै विपन्न नागरिकले अनिवार्य रूपमा स्वास्थ्य बिमामा आबद्ध हुनुपर्ने बताए ।

उनले भने- 'हाल उपचाररत बिरामीहरूको सेवा निरन्तर होस् भनेर हामीले आउँदो असोज मसान्तभित्र बिमामा दर्ता भइसक्न अनुरोध गरेका छौं । यो व्यवस्थाले छरिएर रहेका कार्यक्रमलाई एकद्वार प्रणालीमा ल्याई राज्यको स्रोतको सही उपयोग सुनिश्चित गर्नेछ ।'

यसका लागि हालका सेवाग्राहीलाई आउँदो असोज मसान्तभित्र बिमामा दर्ताको व्यवस्था मिलाउन निर्देशन दिँदै स्वास्थ्य बिमा बोर्ड र नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखालाई पत्र पठाइएको प्रवक्ता बुढाथोकीले जानकारी दिए ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मीन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ